# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) विराटनगर, नेपाल, असार ११ गते, २०८२ साल (अतिरिक्ताङ्क ७

## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

## सवारी चालक अनुमति-पत्र परीक्षा सञ्चालन निर्देशिका, २०८२

<u>प्रस्तावना:</u> प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा १८० ले दिएको अधिकार प्रयोग गरी सवारी चालक अनुमति-पत्रको लागि लिइने परीक्षालाई वस्तुपरक, पूर्वानुमान योग्य र व्यवस्थित बनाउन प्रदेश सरकारले "सवारी चालक अनुमति-पत्र परीक्षा सञ्चालन निर्देशिका, २०८२" जारी गरेको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस निर्देशिकाको नाम "**सवारी चालक अनुमति-पत्र परीक्षा सञ्चालन निर्देशिका, २०८२**” रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

(क) "**ऐन**" भन्नाले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ सम्झनुपर्छ।

(ख) "नियम" भन्नाले प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०७७ सम्झनुपर्छ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेश सरकार अन्तर्गतको यातायात व्यवस्था हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(घ) "कार्यालय" भन्नाले सवारी चालक अनुमति-पत्र जारी गर्ने मन्त्रालय मातहतको यातायात व्यवस्था/सेवा कार्यालयलाई सम्झनुपर्छ।

(ङ) "परीक्षा केन्द्र" भन्नाले सवारी चालक अनुमति-पत्रका लागि लिइने विषयगत र प्रयोगात्मक परीक्षा सञ्चालन गर्न तोकिएको केन्द्र सम्झनुपर्छ।

(च) "परीक्षार्थी" भन्नाले सवारी चालक अनुमति-पत्रको लागि आवेदन दिई परीक्षामा सहभागी हुने व्यक्ति सम्झनुपर्छ।

(छ) "चालक अनुमति-पत्र" भन्नाले सवारी चलाउन अनुमति दिने सवारी चालक अनुमति-पत्र सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ज) "प्रयोगात्मक परीक्षा सञ्चालन स्थल (Trial Spot)" भन्नाले यस निर्देशिकामा उल्लेख भए बमोजिमको मापदण्ड अनुसार बनाइएको प्रयोगात्मक परीक्षा सञ्चालन गर्न तोकिएको स्थल सम्झनु पर्छ।

(झ) "प्राविधिक निरीक्षक" भन्नाले प्रयोगात्मक परीक्षा सञ्चालन स्थलमा सम्बन्धित कार्यालयबाट खटिएको मेकानिकल इन्जिनियर वा मेकानिकल सुपरभाइजर सम्झनु पर्छ।

(ञ) "केन्द्राध्यक्ष" भन्नाले कार्यालयले परीक्षा केन्द्र वा प्रयोगात्मक परीक्षा सञ्चालन स्थलमा खटाएको मुख्य कर्मचारी सम्झनु पर्छ।

३. **सवारी चालक अनुमति-पत्रका लागि आवेदनः** (१) सवारी चालक अनुमति-पत्र लिन चाहने व्यक्तिले अनलाईन माध्यमबाट नियममा निर्धारित गरिएको प्रक्रिया बमोजिम आवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आवेदन दिंदा कुनै त्रुटि भएमा त्रुटि सच्याइ पाउँ भनी निवेदन दिनु पर्नेछ र त्यसरी निवेदन प्राप्त भए पछि अधिकार प्राप्त अधिकारीले जाँचबुझ गरी तत्काल सच्याइदिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको निवेदन दिंदा प्रदेश आर्थिक ऐन बमोजिमको शुल्क बुझाउनु पर्नेछ।

४. **दरखास्तवालाको योग्यता निर्धारणः** सवारी चालक अनुमति-पत्रका लागि दरखास्त दिने व्यक्ति ऐनको दफा ४७ बमोजिम अयोग्य नभएको व्यक्तिलाई मात्र परीक्षाको प्रवेशपत्र जारी गरी परीक्षामा सहभागी गराउने जिम्मेवारी अधिकार प्राप्त अधिकारीको हुनेछ।

५. **परीक्षाका चरणः** (१) वर्ग A/K, B,C तथा मेशिनरी औजारका लागि नयाँ सवारी चालक अनुमति-पत्र प्राप्त गर्न लिइने परीक्षा लिखित र प्रयोगात्मक गरी दुई चरणमा हुनेछन्।

(२) लिखित परीक्षामा उत्तीर्ण परीक्षार्थी मात्र प्रयोगात्मक परीक्षामा सहभागी हुन पाउनेछ।

(३) लिखित र प्रयोगात्मक परीक्षामा उत्तीर्ण परीक्षार्थी मात्र सवारी चालक अनुमति-पत्र प्राप्त गर्न योग्य हुनेछ।

६. <u>लिखित परीक्षा:</u> (१) वर्गः A/K र B (मोटरसाइकल/स्कू टर/मोपेड र कार/जीप/डेलिभरी भ्यान) को लिखित परीक्षामा सवारी तथा यातायात व्यवस्था सम्बन्धी कानूनी प्रावधान, ट्राफिक नियमको पालना तथा सवारी साधनको प्राविधिक पक्ष सम्बन्धी सामान्य व्यवहारिक ज्ञानका विषय समेटी पूर्णाङ्क १०० (एकसय) रहने गरी चार/चार अङ्कका जम्मा पच्चिस वटा वस्तुगत बहुवैकल्पिक प्रश्न सोधिनेछन्।

(२) लिखित परीक्षा प्रयोजनका लागि पाँचसय वटा वस्तुगत बहुवैकल्पिक प्रश्नको संग्रह प्रकाशन गरिनेछ र सोही संग्रहबाट मात्र सम्बन्धित अधिकार प्राप्त अधिकारीले लिखित परीक्षाको प्रश्नपत्र तयार गर्नु पर्नेछ।

(३) लिखित परीक्षाको समयावधि तिस मिनेटको हुनेछ र थप तिस मिनेटको सहजीकरण कक्षा सञ्चालन गर्न सकिनेछ।

(४) लिखित परीक्षामा न्यूनतम साठी अङ्क प्राप्त गर्ने परीक्षार्थी उत्तीर्ण हुनेछ। तर, वर्ग C (टेम्पो र अटो-रिक्सा) र मेशिनरी औजारका लागि लिइने लिखित परीक्षामा पचास अङ्क प्राप्त गर्ने परीक्षार्थी उत्तीर्ण हुनेछन्।

(५) सम्बन्धित कार्यालयले विद्युतीय माध्यमबाट समेत लिखित परीक्षा सञ्चालन गर्न सक्नेछ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि वर्ग C1 (ई-रिक्सा) को हकमा लिखित परीक्षा दिनु पर्ने छैन। तर त्यस्ता परीक्षार्थीले घटीमा आधा घण्टा वा बढीमा एक घण्टासम्मको सवारी नियम तथा सडक सुरक्षा सम्बन्धी प्रशिक्षण अनिवार्य रुपमा लिनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम प्रशिक्षण हलमा सामेल हुँदा प्रशिक्षार्थीको हस्ताक्षर गराई प्रमाणित गरी राख्नु पर्नेछ।

(८) उपदफा (६) बमोजिमको परीक्षार्थीको उमेर पैसठ्ठी वर्ष ननाघेको हुनु पर्नेछ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक पटक लिखित र प्रयोगात्मक परीक्षा उत्तीर्ण भई चालक अनुमतिपत्र प्राप्त गरेको परीक्षार्थीले वर्ग थपको लागि आवेदन दिएमा त्यस्ता आवेदकले लिखित परीक्षा दिनु पर्नेछैन। तर, प्रयोगात्मक परीक्षा मात्र उत्तीर्ण गरी सवारी चालक अनुमति-पत्र प्राप्त गरेका आवेदकले वर्ग थपको लागि आवेदन दिएमा उक्त वर्गको लिखित परीक्षा दिनु पर्ने रहेछ भने लिखित परीक्षा समेत उत्तीर्ण गर्नु पर्नेछ।

७. <u>**प्रयोगात्मक परीक्षा:**</u> (१) वर्ग 'A' - मोटरसाइकल स्कुटर/मोपेड वा वर्ग 'K' स्कुटर/मोपेडको चालक अनुमति-पत्रको लागि हुने प्रयोगात्मक परीक्षामा अनुसूची-१ बमोजिमका चरण हुनेछन् र प्रयोगात्मक परीक्षाका लागि अनुसूची-२ बमोजिमको प्रयोगात्मक परीक्षा सञ्चालन स्थल (Trial Spot) मा हुनेछ।

(२) वर्ग 'B' -कार/जिप/डेलिभरी भ्यानको चालक अनुमति-पत्रको लागि हुने प्रयोगात्मक परीक्षामा अनुसूची-३ बमोजिमका चरण हुनेछन् र प्रयोगात्मक परीक्षाका लागि अनुसूची-४ अनुसारको प्रयोगात्मक परीक्षा सञ्चालन स्थल (Trial Spot) मा हुनेछ।

(३) वर्ग 'C'-टेम्पो वा वर्ग 'C1'- विद्युतीय ई-रिक्साको चालक अनुमति-पत्रको लागि हुने प्रयोगात्मक परीक्षामा अनुसूची-५ अनुसारका चरण तथा प्रयोगात्मक परीक्षा सञ्चालन स्थल (Trial Spot) मा हुनेछ।

(४) वर्ग 'D'- पावर टिलर र वर्ग 'E')-ट्याक्टर/ट्रेलर सवारी चालक अनुमति-पत्रको लागि हुने प्रयोगात्मक परीक्षामा अनुसूची-६

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसारका चरण तथा प्रयोगात्मक परीक्षा सञ्चालन स्थल (Trial Spot) मा हुनेछ।

(५) वर्ग 'F'-मिनिबस/मिनिट्रक तथा 'G'-बस/ट्रक/लहरीको चालक अनुमति-पत्रको लागि हुने प्रयोगात्मक परीक्षामा अनुसूची-७ अनुसारका चरण तथा प्रयोगात्मक परीक्षा सञ्चालन स्थल (Trial Spot) मा हुनेछ।

(६) दमकलका लागि आवेदन दिने परीक्षार्थीले वर्ग "G"-बस/ट्रक/लहरीको सवारी चालक अनुमति-पत्र प्राप्त गरेको दुई वर्ष नाघेको हुनु पर्नेछ र त्यस्तो वर्ग "G" बस/ट्रक/लहरीको सवारी चालक अनुमति-पत्र नभएकोमा वर्ग "G" को मापदण्ड बमोजिमका चरण पार गर्नु पर्नेछ।

(७) मेशिनरी औजार (H1, H2, I1, I3,J1, J2, J3, J4 र J5) को चालक अनुमति-पत्रको लागि हुने प्रयोगात्मक परीक्षामा आवेदन दिने परीक्षार्थीले बिस मिटरको ट्र्याकमा सिधा अगाडि लगि सोही ट्र्याकमा पछाडि समेत बिस मिटर नै ल्याउनु पर्नेछ। साथै, मेशिनरी औजारको कार्य गर्ने प्रकृति बमोजिम निरीक्षकले लाएअह्राय बमोजिमको कार्य सफलतापूर्वक सम्पन्न गर्नु पर्नेछ।

८. <u>प्रयोगात्मक परीक्षाको अङ्क विभाजन तथा मूल्याङ्कनः</u> (१) दफा ७ को उपदफा (१) अनुसार वर्ग 'क' 'A' -मोटरसाइकल/स्कुटर/मोपेडका वा वर्ग 'ट' 'K' (स्कुटर) का लागि लिइने प्रयोगात्मक परीक्षाका विभिन्न चरणको अङ्क विभाजन अनुसूची-८ बमोजिम हुनेछ। प्रयोगात्मक परीक्षामा परीक्षार्थीको प्राप्ताङ्क मूल्याङ्कन गर्दा वा परीक्षार्थीलाई अनुत्तीर्ण घोषणा गर्दा अनुसूची-८ मा उल्लिखित आधार अवलम्बन गर्नु पर्नेछ। परीक्षाका क्रममा कुनै तोकिएको अवस्थामा अनुत्तीर्ण घोषणा गरिएको बाहेक न्यूनतम सत्तरी अङ्क प्राप्त नगर्ने परीक्षार्थीलाई परीक्षामा अनुत्तीर्ण भएको मानिनेछ।

(२) दफा ७ को उपदफा (२) अनुसार वर्ग 'ख''B' (कार/जिप डेलिभरी भ्यान) को लागि लिइने प्रयोगात्मक परीक्षाका



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

विभिन्न चरणको अङ्क विभाजन अनुसूची-९ बमोजिम हुनेछ। प्रयोगात्मक परीक्षामा परीक्षार्थीको प्राप्ताङ्क मूल्याङ्कन गर्दा वा परीक्षार्थीलाई अनुत्तीर्ण घोषणा गर्दा अनुसूची-९ मा उल्लिखित आधार अवलम्बन गर्नु पर्नेछ। परीक्षाका क्रममा कुनै तोकिएको अवस्थामा अनुत्तीर्ण घोषणा गरिएको अवस्थामा बाहेक न्यूनतम सत्तरी अङ्क प्राप्त नगर्ने परीक्षार्थीलाई परीक्षामा अनुत्तीर्ण भएको मानिनेछ।

(३) दफा ७ को उपदफा (३) अनुसार वर्ग 'ग' 'C' (टेम्पो/अटो रिक्सा) को लागि लिइने प्रयोगात्मक परीक्षाका विभिन्न चरणहरूको अङ्क विभाजन अनुसूची-१० बमोजिम हुनेछ। प्रयोगात्मक परीक्षामा परीक्षार्थीको प्राप्ताङ्क मूल्याङ्कन गर्दा वा परीक्षार्थीलाई अनुत्तीर्ण घोषणा गर्दा अनुसूची-१० मा उल्लिखित आधार अवलम्बन गर्नु पर्नेछ। परीक्षाका क्रममा कुनै तोकिएको अवस्थामा अनुत्तीर्ण घोषणा गरिएको अवस्थामा बाहेक न्यूनतम सत्तरी अङ्क प्राप्त नगर्ने परीक्षार्थीलाई परीक्षामा अनुत्तीर्ण भएको मानिनेछ र वर्ग 'ग१' 'C1' ई-रिक्साको हकमा भने परीक्षाका सम्पूर्ण चरण पार गर्नु पर्नेछ।

(४) दफा ७ को उपदफा (५) अनुसार वर्ग 'F' (मिनिबस/मिनिट्रक) र वर्ग 'G' (बस/ट्रक/लहरी) को लागि लिइने प्रयोगात्मक परीक्षाको सम्पूर्ण चरणमध्ये उवडखावड (स्पिड ब्रेकर) टेष्टमा १ पटकसम्म स्टार्ट बन्द भएमा पुनः सोही स्थानबाट अगाडि बढाउन अनुमति दिइनेछ। साथै, ग्यारेज पार्किङ्ग टेष्टमा सवारीलाई पछाडि गुडाउने क्रममा निजको सुविधा अनुसार एक पटकसम्म अगाडि बढाउन दिइनेछ। त्यस्तो अवस्था बाहेक अन्य सम्पूर्ण चरण पार गरेमा परीक्षार्थी उत्तीर्ण भएको मानिनेछ।

९. <u>परीक्षाका बाँकी चरणमा सहभागी हुन नपाउने:</u> (१) प्रयोगात्मक परीक्षाको कुनै चरणमा अनुसूची-८, अनुसूची-९ वा अनुसूची -१० मा तोकिएको कुनै अवस्थाका कारण अनुत्तीर्ण घोषणा गरिएको कुनै परीक्षार्थीले परीक्षाका बाँकी चरणहरूमा समावेश हुन पाउने छैन।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(२) प्रयोगात्मक परीक्षामा घटाइने अङ्क तिसभन्दा बढी भएमा सोही चरणबाट त्यस्ता परीक्षार्थीलाई अनुत्तीर्ण घोषणा गरिनेछ।

(३) परीक्षाका सम्पूर्ण चरण सम्पन्न हुनु अगावै परीक्षार्थीलाई अनुत्तीर्ण घोषणा गरिएको जानकारी वा संकेत दिन परीक्षामा खटिएको कर्मचारीले रातो कार्ड देखाउनु पर्नेछ। अनुत्तीर्ण भएको संकेत पाउनासाथ त्यस्तो परीक्षार्थीले सुरक्षित तरिकाले सवारी साधनलाई परीक्षा स्थलबाट बाहिर ल्याई निर्धारित स्थानमा पार्किङ गरी परीक्षा स्थल छाड्नु पर्नेछ।साथै त्यस्ता परीक्षार्थीलाई अर्को दुई पटकसम्म केवल प्रयोगात्मक परीक्षाको लागि समय दिइनेछ।

१०. <u>प्राप्ताङ्क निर्धारण:</u> (१) प्रयोगात्मक परीक्षाको क्रममा प्रत्येक परीक्षार्थीको छुट्टाछुट्टै अङ्क मूल्याङ्कन गर्न वर्ग 'क' 'A' वा 'ट' 'K' को लागि अनुसूची-११, वर्ग 'ख' 'B' को लागि अनुसूची-१२ र वर्ग 'ग' 'C' को लागि अनुसूची-१३ बमोजिमको मूल्याङ्कन फाराम प्रयोग गर्नु पर्नेछ।

(२) प्रयोगात्मक परीक्षाको क्रममा तोकिएका अवस्थाका कारण वा घटाउनु पर्ने अङ्कको योग उत्तीर्ण हुने अङ्कभन्दा बढी भई अनुत्तीर्ण भएका बाहेक अन्य परीक्षार्थीहरूको कुल घटाउनु पर्ने अङ्कको योगलाई जम्मा पूर्णाङ्क सयबाट घटाई परीक्षामा खटिएको कर्मचारीले प्राप्ताङ्क निर्धारण गर्नु पर्नेछ।

(३) परीक्षार्थीको मूल्याङ्कन फाराम प्रयोगात्मक परीक्षामा स्थलगत रूपमा खटिई परीक्षार्थीका गतिविधि निरीक्षण गर्ने कर्मचारीले वस्तुनिष्ठ तरिकाबाट भरी सहीछाप गरी केन्द्राध्यक्षबाट प्रमाणित गराई स्पष्ट रुपमा अभिलेख राख्नु पर्नेछ।

११. <u>प्रवेशपत्रमा नतिजा अङ्कित गर्ने:</u> प्रयोगात्मक परीक्षा सम्पन्न भएपछि तत्काल केन्द्राध्यक्षले सम्बन्धित परीक्षार्थीको मूल्याङ्कन फाराम हेरी प्रवेशपत्रमा "प्रयोगात्मक परीक्षामा उत्तीर्ण" वा "प्रयोगात्मक परीक्षामा अनुत्तीर्ण' भन्ने बेहोरा अङ्कित गरी सहीछाप गर्नु पर्नेछ।

१२. <u>प्रयोगात्मक परीक्षामा उत्तीर्ण भएका परीक्षार्थीको सूची प्रकाशन गर्नु पर्ने:</u> प्रयोगात्मक परीक्षा सम्पन्न भई उत्तीर्ण भएका परीक्षार्थीहरूको रोल

नम्बर तथा नामथर खुलाई एक प्रति परीक्षा स्थलमा र एक प्रति कार्यालयको सूचना पाटीमा टाँस गर्नुपर्नेछ। साथै, प्रयोगात्मक परीक्षा सम्पन्न भएकै दिन परीक्षाफल सूची कार्यालयको वेभसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ। तर, काबु बाहिरको परिस्थिति भई सोही दिन परीक्षाफल प्रकाशन गर्न नसकिने भए सोको बेहोरा खुलाई अर्को दिन त्यस्तो सूचना प्रकाशन गर्नु पर्नेछ।

१३. <u>परीक्षा स्थलमा सिसिटिभि क्यामेरा चेकजाँच गर्नु पर्नेः</u> यो निर्देशिका लागु भएपछि सम्बन्धित कार्यालयले प्रयोगात्मक परीक्षा स्थलमा परीक्षाका सबै चरण तथा गतिविधिको कम्तीमा तिस परीक्षा दिनको भिडियोको विद्युतीय अभिलेख रहने गरी सिसिटिभि क्यामेरा तथा आवश्यक हार्डवेयर र सफ्टवेयर सहितको प्रणालीले काम गरे नगरेको जाँचबुझ गरी परीक्षा सञ्चालन गर्नु पर्नेछ।

१४. <u>प्रविधिमा आधारित प्रयोगात्मक परीक्षा प्रणाली लागु गर्न सकिनेः</u> यस निर्देशिकामा भएका प्रावधानमा आधारित रही परीक्षार्थीका गतिविधिहरूलाई भिडियो तथा इमेज प्रोसेसिङका आधारमा विश्लेषण गरी वा कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence) वा अन्य उपयुक्त कम्प्युटर प्रणालीबाट परीक्षार्थीको मूल्याङ्कन हुने गरी स्वचालित सवारी चालक परीक्षण स्थल (Automated Driving Test Track) सञ्चालन गर्न सकिनेछ।

१५. <u>प्रयोगात्मक परीक्षामा प्रयोग हुने सवारी साधनः</u> प्रयोगात्मक परीक्षामा प्रयोग गरिने सवारी साधनहरू देहाय बमोजिम हुनु पर्नेछः

(क) <u>प्रयोगात्मक परीक्षामा प्रयोग हुने मोटरसाइकल, स्कुटर वा मोपेडः</u>

१. पेट्रोलबाट चल्ने,

२. इन्जिनको विस्थापन आयतन कम्तीमा ९५ सि.सि. भएको,

३. ह्वीलबेस कम्तीमा १२०० मि.मि. भएको,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

४. मोटरसाइकलको हकमा म्यानुअल ट्रान्समिसन प्रणाली भएको,
५. सवारीमा Hill Hold, Hill Assist वा समान प्रकृतिको प्रणाली जडान नभएको,
६. सवारी दर्ता प्रमाणपत्र अद्यावधिक भएको,
७. बहाल अवधि बाँकी रहेको तेस्रो पक्ष बिमा भएको,
८. उत्पादन मितिले पन्ध्रवर्ष ननाघेको।

(ख) <u>प्रयोगात्मक परीक्षामा प्रयोग हुने कार, जिप वा भ्यानः</u>

१. पेट्रोल, डिजेल वा ग्याँसबाट चल्ने,
२. इन्जिनको विस्थापन आयतन कम्तीमा ७५० सि.सि. भएको,
३. ह्वील बेस कम्तीमा २३०० मि.मि. भएको,
४. लम्बाइ, चौडाई र उचाइ कम्तीमा क्रमशः ३३०० मि.मि. १४५० मि.मि. र १४५०मि.मि. भएको,
५. म्यानुअल ट्रान्समिसन प्रणाली भएको,
६. सवारीमा Hill Hold, Hill Assist वा समान प्रकृतिको प्रणाली जडान नभएको,
७. सवारी दर्ता प्रमाणपत्र अद्यावधिक भएको,
८. बहाल अवधि बाँकी रहेको तेस्रो पक्ष बिमा भएको,
९. उत्पादन मितिले पन्ध्रवर्ष ननाघेको।

(ग) <u>प्रयोगात्मक परीक्षामा प्रयोग हुने टेम्पो, अटोरिक्साः</u>

१. पेट्रोल, डिजेल वा ग्याँसबाट चल्ने,
२. इन्जिनको विस्थापन आयतन कम्तीमा २०० सि.सि.,
३. ह्वील बेस कम्तीमा १८०० मि.मि. भएको,
४. लम्बाइ, चौडाई र उचाइ कम्तीमा क्रमशः २५०० मि.मि. १२०० मि.मि. र १६०० मि.मि. भएको,
५. म्यानुअल ट्रान्समिसन प्रणाली भएको,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

६. सवारीमा Hill Hold, Hill Assist वा समान प्रकृतिको प्रणाली जडान नभएको,

७. सवारी दर्ता प्रमाणपत्र अद्यावधिक भएको,

८. बहाल अवधि बाँकी रहेको तेस्रो पक्ष बिमा भएको,

९. उत्पादन मितिले पन्ध्र वर्ष ननाघेको।

(घ) <u>प्रयोगात्मक परीक्षामा प्रयोग हुने ई-रिक्साः</u>

१. विद्युत वा ब्याट्रीबाट चल्ने,

२. मोटरको क्षमता कम्तीमा १ किलोवाट भएको,

३. ह्वील बेस कम्तीमा १६५० मि.मि. भएको,

४. लम्बाइ, चौडाई र उचाइ कम्तीमा क्रमशः २७०० मि.मि. ९५० मि.मि. र १७०० मि.मि. भएको,

५. सवारी दर्ता प्रमाणपत्र अद्यावधिक भएको,

६. बहाल अवधि बाँकी रहेको तेस्रो पक्ष बिमा भएको,

७. उत्पादन मितिले बिस वर्ष ननाघेको।

(ङ) <u>प्रयोगात्मक परीक्षामा प्रयोग हुने मिनिबस/मिनिट्रकः</u>

१. डिजेल वा ग्याँसबाट चल्ने,

२. इन्जिनको विस्थापन आयतन कम्तीमा २००० सि.सि. भएको,

३. ह्वील बेस कम्तीमा ३००० मि.मि. भएको,

४. लम्बाइ, चौडाइ र उचाइ कम्तीमा क्रमशः ४५०० मि.मि. १८०० मि.मि. र २००० मि.मि. भएको,

५. म्यानुअल ट्रान्समिसन प्रणाली भएको,

६. सवारीमा Hill Hold, Hill Assist वा समान प्रकृतिको प्रणाली जडान नभएको,

७. सवारी दर्ता प्रमाणपत्र अद्यावधिक भएको,

८. बहाल अवधि बाँकी रहेको तेस्रो पक्ष बिमा भएको,

९. उत्पादन मितिले पन्ध्रवर्ष ननाघेको।

(च) <u>प्रयोगात्मक परीक्षामा प्रयोग हुने बस/ट्रक/लहरीः</u>

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

१. डिजेल वा ग्याँसबाट चल्ने,
२. इन्जिनको विस्थापन आयतन कम्तीमा ३४०० सि.सि. भएको,
३. ह्वील बेस कम्तीमा ४००० मि.मि. भएको,
४. लम्बाइ, चौडाइ र उचाइ कम्तीमा क्रमशः ७००० मि.मि. २००० मि.मि. र २८०० मि.मि. भएको,
५. म्यानुअल ट्रान्समिसन प्रणाली भएको,
६. सवारीमा Hill Hold, Hill Assist वा समान प्रकृतिको प्रणाली जडान नभएको,
७. सवारी दर्ता प्रमाणपत्र अद्यावधिक भएको,
८. बहाल अवधि बाँकी रहेको तेस्रो पक्ष बिमा भएको,
९. उत्पादन मितिले पन्ध्र वर्ष ननाघेको।

१६. <u>सवारीको निरीक्षण गरी स्वीकृति दिने</u>: (१) दफा १५ को खण्ड (क), (ख), (ग), (घ), (ङ) वा (च) बमोजिमको सवारी साधनलाई देहायका आधारमा समेत निरीक्षण गर्दा उपयुक्त पाइएको खण्डमा मात्र प्राविधिक निरीक्षकले प्रयोगात्मक परीक्षामा प्रयोग गर्न अनुमति दिनेछ।

(क) सवारीको इन्धन आपूर्ति, ब्रेक र ट्रान्समिसन प्रणाली ठीक अवस्थामा रहेको,

(ख) झ्याल, सिसा, ढोकाको लक, ऐना तथा बत्तीहरू दुरुस्त अवस्थामा रहेको,

(ग) टायरको अवस्था ठीक रहेको,

(घ) पछाडिको दृश्य देखिने (रियर भ्यू) क्यामेरा जडान नभएको (यदि त्यस्तो क्यामेरा जडान भएको भए परीक्षा अवधिभर डिस्प्लेमा नदेखिने गरी बाक्लो र अपारदर्शी कागज वा कपडाले छोप्नु पर्ने)।

(२) उपदफा (१) बमोजिम सवारी साधनको निरीक्षण गर्दा उपयुक्त नदेखिएमा सोको आधार र कारण उल्लेख गरी कैफियत जनाउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

१७. **परीक्षा स्थलको निरीक्षण:** (१) प्रयोगात्मक परीक्षा सञ्चालन गर्नु पूर्व प्रत्येक दिन केन्द्राध्यक्षले परीक्षा स्थलको प्राविधिक निरीक्षकबाट निरीक्षण गराई परीक्षा स्थल निरीक्षण मुचुल्का तयार गर्नु पर्नेछ। प्राविधिक निरीक्षक स्वयम् केन्द्राध्यक्ष भई खटेको अवस्थामा केन्द्राध्यक्ष स्वयम्ले परीक्षा स्थलको निरीक्षण गरी मुचुल्का तयार गर्न सक्नेछ।

(२) प्रत्येक कार्यालयले परीक्षा स्थल परीक्षा सञ्चालन गर्न उपयुक्त हुने गरी चुस्त दुरुस्त राख्नु पर्नेछ।

१८. **अनुगमन गर्न सक्ने:** (१) कुनै कार्यालयले सवारी चालक अनुमति पत्रको परीक्षा सञ्चालन गर्दा यस निर्देशिकाको पालना गरे नगरेको सम्बन्धमा मन्त्रालयले नियमित अनुगमन गर्न सक्नेछ।

(२) उपदफा (१) अनुसार अनुगमन गर्दा कुनै कार्यालयले सवारी चालक अनुमति पत्रको परीक्षा सञ्चालन गर्दा यस निर्देशिकाको पालना नगरेको पाइएमा अनुगमन गर्ने अधिकारीले सम्बन्धित कार्यालयलाई निर्देशिकाको पालनामा देखिएका कमी कमजोरीहरू सच्याउन सुझाव वा निर्देशन दिन सक्नेछ।

(३) अनुगमनको क्रममा हेलचेक्र्याई वा लापरबाहीका कारण निर्देशिकाको पालना नगरेको पाइएमा अनुगमन गर्ने अधिकारीले केन्द्राध्यक्ष वा अन्य कर्मचारीलाई विभागीय कारवाहीका लागि मन्त्रालयमा सिफारिस सहित प्रतिवेदन दिनु पर्नेछ।

१९. **बाधा अड्काउ फुकाउने:** यस निर्देशिकाको कार्यान्वयनको चरणमा कुनै द्विविधा उत्पन्न भएमा कार्यालयको सिफारिसमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-१

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**वर्ग 'क' 'A' वा वर्ग 'ट' 'K' का लागि लिइने प्रयोगात्मक परीक्षाका चरणः**

(१) घुमाउरो आठ परीक्षण (Figure 8- Test),

(२) साँघुरो फलेक (Narrow Plank Test),

(३) घुम्ती परीक्षण (U-Turn Test),

(४) ट्राफिक संकेत परीक्षण (Traffic light Test),

(५) उबड खाबड परीक्षण (Speed Breaker -Bumpy Test),

(६) उकालो परीक्षण (Ramp Test /Ascending and Descending Test),

(७) व्यवहारगत पक्षको समग्र परीक्षण (Behavioral Test) I

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-२

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**<u>वर्ग "क" (A) र वर्ग "ट" (K) का लागि लिइने प्रयोगात्मक परीक्षा</u>**

**<u>Trail Spot को नक्सा</u>**





Figure - Overall Layout Of Trial spot
(Two- Wheelers)

## अनुसूची-३

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**वर्ग 'ख' ('B') कार/जिप/डेलिभरी भ्यानको लागि लिइने प्रयोगात्मक परीक्षाका चरणः**

(१) घुमाउरो आठ परीक्षण (Figure 8- Test),

(२) उबड खाबड परीक्षण (Speed Breaker Test),

(३) घुम्ती परीक्षण (U-Turn Test),

(४) ट्राफिक संकेत परीक्षण (Traffic light Test),

(५) उकालो परीक्षण (Ramp Test Ascending and Descending Test),

(६) ग्यारेज पार्किङ्ग परीक्षण (Garage Parking Test),

(७) व्यवहारगत पक्षको समग्र परीक्षण (Behavioral Test)।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

# अनुसूची-४

दफा ७ को उपदफा (२) सँग सम्बन्धित

**वर्ग "ख" "B" कार/जिप/डेलिभरी भ्यानका लागि लिइने प्रयोगात्मक परीक्षा**

**Trail Spot को नक्सा**





**Figure - Overall Layout Of Trial spot (Four- Wheelers)**

## अनुसूची-५

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

१. वर्ग ('C') वा वर्ग ('C1') का लागि लिइने प्रयोगात्मक परीक्षाको चरण अनूसूची-३ बमोजिम तथा बनौट, समग्र लेआउट अनुसूची-४ अनुसार देहाय बमोजिमको मापदण्ड हुनेछन्:-

२. Figure-8 Test को लागि मापदण्ड

| क्र.सं. | विवरण | वर्ग C | वर्ग C1 |
|---|---|---|---|
| १. | बाहिरी बृत्तहरूको भित्री ब्यास | ८ मि. | ८ मि. |
| २. | भित्री बृत्तहरूको बाहिरी ब्यास | ४ मि. | ४ मि. |
| ३. | बृत्तहरूको केन्द्रबिन्दु बिचको दुरी | ६ मि. | ६ मि. |
| ४. | ट्रयाकको चौडाई | २ मि. | २ मि. |
| ५. | प्रवेश तथा निकासको चौडाई | २ मि. | २ मि. |
| ६. | पहेंलो मार्किङ्गको चौडाई | २० से.मि. | २० से.मि. |

३. Ramp Test को लागि मापदण्ड

| क्र.सं. | विवरण | वर्ग C | वर्ग C1 |
|---|---|---|---|
| १. | Ramp को जम्मा लम्बाई | १५ मि. | १५ मि. |
| २. | Ramp को माथिल्लो Platform को लम्बाई | ३ मि. | ३ मि. |
| ३. | Ramp को उकालो तथा ओरालोको लम्बाई | ६ मि. | ६ मि. |
| ४. | Ramp को माथिल्लो Platform को उचाई | १ मि. | १ मि. |
| ५. | Ramp को चौडाई | ३ मि. | ३ मि. |
| ६. | Ramp को सम्पूर्ण लम्बाईको दुवै किनारामा ७० सेन्टिमिटर उचाईको Steel Pipe Railing राखिएको हुनु पर्नेछ। | | |
| ७. | Ramp को सम्पूर्ण सतहमा कम्तीमा १० सेन्टिमिटर उचाईको १:२:४ PCC गरिएको हुनु पर्नेछ। | | |

४. U-Turn सम्बन्धी मापदण्ड

भित्री अर्धवृत्तको बाहिरी अर्धब्यास ३ मिटर हुनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

५. Garage Parking Test

| क्र.सं. | विवरण | वर्ग C | वर्ग C1 |
|---|---|---|---|
| १. | Main Track को लम्बाई | १६ मि. | १६ मि. |
| २. | Garage ट्र्याकको लम्बाई | ७ मि. | ७ मि. |
| ३. | Main Track को चौडाई | २ मि. | २ मि. |
| ४. | Garage ट्र्याकको चौडाई | २ मि. | २ मि. |
| ५. | Main ट्र्याक र Garage ट्र्याकको मिलानको अर्धब्यास | १ मि. | १ मि. |
| ६. | परीक्षण स्थलको सतहमा पहेंलो रंगले २० सेन्टिमिटर चौडाईको मार्किङ्ग गरी नक्सामा देखाए जस्तै Traffic Cone राखेको हुनु पर्नेछ। | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

## अनुसूची-६

(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

वर्ग ('E') ट्याक्टरका लागि लिइने प्रयोगात्मक परीक्षाको चरण तथा बनौट, समग्र लेआउट देहाय बमोजिमको मापदण्ड हुनेछन्।

**चरणः**-ग्यारेज पार्किङ्ग परीक्षण (Garage Parking Test)





**Figure - Overall Layout Of Tractor Trial spot (Tractor )**

वर्ग ('D') पावर टेलरका लागि लिइने प्रयोगात्मक परीक्षाको चरण अनुसूची-६ बमोजिमको बनौट, समग्र लेआउट अनुसारको देहाय बमोजिमको मापदण्ड हुनेछन्।

**चरणः**-ग्यारेज पार्किङ्ग परीक्षण (Garage Parking Test)

**मापदण्डः**- ग्यारेज पार्किङको चौडाई २ मिटर, लम्बाई ८ मिटर, ग्यारेज ट्र्याक मिलानको अर्धब्यास ३ मिटर र २० से.मि. को रेखाङ्कन गरिएको हुनु पर्नेछ।

## अनुसूची-७

(दफा ७ को उपदफा (५) सँग सम्बन्धित)

(१) वर्ग 'च' ('F') वा वर्ग 'छ' ('G') का लागि लिइने प्रयोगात्मक परीक्षाको चरण अनूसूची-३ बमोजिम तथा बनौट, समग्र लेआउट अनुसूची-४ अनुसारको देहाय बमोजिम मापदण्ड हुनेछन्।

(२) Figure-8 Test को लागि मापदण्ड

| क्र.सं. | विवरण | वर्ग F | वर्ग G |
|---|---|---|---|
| १. | बाहिरी बृत्तहरूको भित्री ब्यास | १६ मि. | १८ मि. |
| २. | भित्री बृत्तहरूको बाहिरी ब्यास | ८ मि. | ८ मि. |
| ३. | बृत्तहरूको केन्द्रबिन्दुको दुरी | १२ मि. | १३ मि. |
| ४. | ट्र्याकको चौडाई | ४ मि. | ५ मि. |
| ५. | प्रवेश तथा निकासको चौडाई | ४ मि. | ५ मि. |
| ६. | पहेंलो मार्किङ्गको चौडाई | २० से.मि. | २० से.मि. |

(३) Ramp Test को लागि मापदण्ड

| क्र.सं. | विवरण | वर्ग F | वर्ग G |
|---|---|---|---|
| १. | Ramp को जम्मा लम्बाई | २३ मि. | २३ मि. |
| २. | Ramp को माथिल्लो Platform को लम्बाई | ६ मि. | ६ मि. |
| ३. | Ramp को उकालो तथा ओरालोको लम्बाई | ८.५ मि. | ८.५ मि. |
| ४. | Ramp को माथिल्लो Platform को उचाई | १.५ मि. | १.५ मि. |
| ५. | Ramp को चौडाई | ५ मि. | ५ मि. |
| ६. | Ramp को सम्पूर्ण लम्बाईको दुवै किनारामा ७० सेन्टिमिटर उचाईको Steel Pipe Railing राखिएको हुनु पर्नेछ। | | |
| ७. | Ramp को सम्पूर्ण सतहमा कम्तीमा १० सेन्टिमिटर उचाईको १:२:४ PCC गरिएको हुनु पर्नेछ। | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(४) **U-Turn सम्बन्धी मापदण्ड**

भित्री अर्धवृत्तको बाहिरी अर्धब्यास ३ मिटर हुनु पर्नेछ।

(५) **Garage Parking Test**

| क्र.सं. | विवरण | वर्ग F | वर्ग G |
|---|---|---|---|
| १. | Main Track को लम्बाई | २० मि. | २० मि. |
| २. | Garage ट्र्याकको लम्बाई | ८.५ मि. | ८.५ मि. |
| ३. | Main Track को चौडाई | ४ मि. | ५ मि. |
| ४. | Garage ट्र्याकको चौडाई | ४ मि. | ५ मि. |
| ५. | Main ट्र्याक र Garage ट्र्याकको मिलानको अर्धब्यास | १.५ मि. | १.५ मि. |
| ६. | परीक्षण स्थलको सतहमा पहेंलो रंगले २० सेन्टिमिटर चौडाईको मार्किङ्ग गरी नक्सामा देखाए जस्तै Traffic Cone राखेको हुनु पर्नेछ। | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-८

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**वर्ग 'क' 'A' वा वर्ग 'ट' 'K' का लागि लिइने प्रयोगात्मक परीक्षाको अङ्क विभाजन तथा मूल्याङ्कन आधार**

| क्र.सं. | प्रयोगात्मक परीक्षाको चरण | अङ्कभार | अङ्क घटाइने अवस्था (घटाइने अङ्क) | अनुत्तीर्ण घोषणा गरिने अवस्था |
|---|---|---|---|---|
| | घुमाउरो आठ | २० | १. एक पटकसम्म अंकित रेखा छोएमा (१०)<br>२. एक पटकसम्म खुट्टाले भुइँमा टेकेमा (१०) | १. एक पटक भन्दा बढी अंकित रेखा छोएमा।<br>२. सवारीको टायर अंकित रेखा भन्दा बाहिर गएमा।<br>३. ठीक दिशाबाट वा ठीक तरिकाबाट '8' आकार नबनाएमा।<br>४. सवारीको स्टार्ट बन्द भएमा। |
| | साँघुरो फलेक (Narrow Plank) | १५ | | १. खुट्टाले भुइँमा टेकेमा।<br>२. फलेकको लम्बाइ पार गर्न अगावै सवारी फलेकबाट बाहिर निस्केमा। |
| | यू टर्न | १५ | टर्निङ इन्डिकेटर लाइट नबालेमा (१५)। | १. अंकित रेखामा छोएमा। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | | | | २. टर्निङ लाईट विपरीत दिशाको बालेमा। |
| | ट्राफिक संकेत | १० | | ट्राफिक संकेतको पालना नगरेमा। |
| | उबडखाबड | १० | १. एक पटकसम्म खुट्टाले भुइमा टेकेमा (५)<br>२. एक पटकसम्म सवारीको स्टार्ट बन्द भएमा (५) | १. एक पटकभन्दा बढी खुट्टाले भुइँमा टेकेमा।<br>२. एक पटकभन्दा बढी सवारीको स्टार्ट बन्द भएमा। |
| | र्‍याम्प (उकालो) | २० | | १. तोकिएको रेखा नाघी सवारी रोकेमा वा सवारी नरोकी अगाडि बढेमा।<br>२. रोकिएको अवस्थाबाट सवारी अगाडि बढाउँदा सवारीको पछाडिको टायर ६ इन्च भन्दा बढी पछाडि सरेमा।<br>३. उकालो पार गरी ओरालोबाट झर्ने क्रममा तोकिएको रेखा नाघी सवारी रोकेमा वा सवारी |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | | | | नरोकी अगाडि बढेमा।<br>४. एक पटकभन्दा बढी सवारीको स्टार्ट बन्द भएमा। |
| | परीक्षार्थीको व्यवहारगत पक्षको समग्र मूल्याङ्कन | १० | १. सवारी चलाउनु पूर्व सवारीको ब्रेक, टायर र ऐनाहरूको सामान्य निरीक्षण नगरेमा (३)।<br>२. हेल्मेटको लक नलगाई सवारी चलाएमा (४)।<br>३. अस्वाभाविक गतिमा वा असंयमित रूपमा सवारी चलाएमा (३)। | |
| पूर्णाङ्क | | १०० | | |
| उत्तीर्णाङ्क | | ७० | | |



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-९

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

**वर्ग 'ख' ('B')-कार/जिप डेलिभरी भ्यानको लागि लिइने प्रयोगात्मक परीक्षाको अङ्क विभाजन तथा मूल्याङ्कन आधार**

| क्र. स. | प्रयोगात्मक परीक्षाको चरण | अङ्कभार | अङ्क घटाइने अवस्था (घटाइने अङ्क) | अनुत्तीर्ण घोषणा गरिने अवस्था |
|---|---|---|---|---|
| | घुमाउरो आठ | २० | दुई पटकसम्म अंकित रेखा छोएमा (प्रत्येक पटक १०)। | १. दुई पटकभन्दा बढी अंकित रेखा छोएमा।<br>२. सवारीको टायर अंकित रेखा भन्दा बाहिर गएमा।<br>३. ठीक दिशाबाट वा ठीक तरिकाबाट '8' आकार नबनाएमा।<br>४. अगाडि बढ्ने क्रममा सवारीलाई पछाडि तिर सारेमा। |
| | उबडखाबड | १० | एकपटकसम्म सवारीको स्टार्ट बन्द भएमा (१०) | एक पटक भन्दा बढी सवारीको स्टार्ट बन्द भएमा |
| | यू टर्न | १५ | टर्निङ इन्डिकेटर लाइट नबालेमा (१५)। | १. अंकित रेखा छोएमा।<br>२. टर्निङ लाईट उल्टो बालेमा। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, लुम्बिनी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | ट्राफिक संकेत | २० | | ट्राफिक संकेतको पालना नगरेमा। |
| | र्‍याम्प (उकालो ओरालो) | १५ | | १. तोकिएको रेखा नाघी सवारी रोकेमा वा सवारी नरोकी अगाडि बढेमा।<br>२. रोकिएको अवस्थाबाट सवारी अगाडि बढाउँदा सवारीको पछाडिको टायर ६ इन्च भन्दा बढी पछाडि सरेमा।<br>३. उकालो पार गरी ओरालोबाट झर्ने क्रममा तोकिएको रेखा नाघी सवारी रोकेमा वा सवारी नरोकी अगाडि बढेमा।<br>४. एक पटकभन्दा बढी सवारीको स्टार्ट बन्द भएमा। |
| | ग्यारेज पार्किङ्ग | २० | सवारीलाई पछाडि गुडाउने क्रममा आवश्यकता अनुसार १ | १. सवारीलाई पछाडि गुडाउने क्रममा एक पटक भन्दा बढी अगाडि सारेमा।<br>२. अङ्कित रेखा छोएमा। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | | | पटकसम्म अगाडि सारेमा (१०)। | |
| | परीक्षार्थीको व्यवहारगत पक्षको समग्र मूल्याङ्कन | १० | १. सवारी चलाउनु पूर्व सवारीको ब्रेक, टायर र ऐनाहरूको सामान्य निरीक्षण नगरेमा (३)।<br>२. सीट बेल्ट नलगाई सवारी चलाएमा (४)।<br>३. अस्वाभाविक गतिमा वा असंयमित रूपमा सवारी चलाएमा (३)। | |
| | पूर्णाङ्क | | | |
| | उत्तीर्णाङ्क | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-१०

(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

**वर्ग ('C')-टेम्पो/अटोरिक्साको लागि लिइने प्रयोगात्मक परीक्षाको अङ्क विभाजन तथा मूल्याङ्कन आधार**

| क्र.सं. | प्रयोगात्मक परीक्षाको चरण | अङ्क भार | अङ्क घटाइने अवस्था (घटाइने अङ्क) | अनुत्तीर्ण घोषणा गरिने अवस्था |
|---|---|---|---|---|
| | घुमाउरो आठ | २० | दुई पटकसम्म अंकित रेखा छोएमा (प्रत्येक पटक १०)। | १. दुई पटक भन्दा बढी अंकित रेखा छोएमा।<br>२. सवारीको टायर अंकित रेखा भन्दा बाहिर गएमा।<br>३. ठीक दिशाबाट वा ठीक तरिकाबाट '8' आकार नबनाएमा।<br>४. अगाडि बढ्नेक्रममा सवारीलाई पछाडि तिर सारेमा। |
| | उबडखाबड | १० | एकपटकसम्म सवारीको स्टार्ट बन्द भएमा (१०)। | एकपटक भन्दा बढी सवारीको स्टार्ट बन्द भएमा। |
| | यू टर्न | १५ | टर्निङ इन्डिकेटर लाइट नबालेमा (१५)। | १. अंकित रेखा छोएमा।<br>२. टर्निङ लाईट उल्टो बालेमा। |
| | ट्राफिक संकेत | २० | | ट्राफिक संकेतको पालना नगरेमा। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | ऱ्याम्प (उकालो ओरालो) | १५ | | १. तोकिएको रेखा नाघी सवारी रोकेमा वा सवारी नरोकी अगाडि बढेमा।<br>२. रोकिएको अवस्थाबाट सवारी अगाडि बढाउँदा सवारीको पछाडिको टायर ६ इन्च भन्दा बढी पछाडि सरेमा।<br>३. उकालो पार गरी ओरालोबाट झर्ने क्रममा तोकिएको रेखा नाघी सवारी रोकेमा वा सवारी नरोकी अगाडि बढेमा।<br>४. एक पटकभन्दा बढी सवारीको स्टार्ट बन्द भएमा। |
| | ग्यारेज पार्किङ्ग | २० | सवारीलाई पछाडि गुडाउने क्रममा आवश्यकता अनुसार १ पटक सम्म अगाडि सारेमा (१०)। | १. सवारीलाई पछाडि गुडाउने क्रममा एक पटकभन्दा बढी अगाडि सारेमा।<br>२. अङ्कित रेखा छोएमा। |
| | परीक्षार्थीको व्यवहारगत पक्षको | १० | १. सवारी चलाउनु पूर्व सवारीको ब्रेक, टायर र ऐनाहरूको | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | समग्र मूल्याङ्कन | | सामान्य निरीक्षण नगरेमा (३)।<br>२. ढोका नलगाई सवारी चलाएमा (४)।<br>३. अस्वाभाविक गतिमा वा असंयमित रूपमा सवारी चलाएमा (३)। | |
| | पूर्णाङ्क | | | |
| | उत्तीर्णाङ्क | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-११

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

**वर्गः 'क' ('A') वा वर्ग 'ट' ('K') को प्रयोगात्मक परीक्षाको मूल्याङ्कन फाराम**

| | |
|---|---|
| परीक्षा सञ्चालन गर्ने कार्यालयको नाम ठेगानाः | |
| परीक्षार्थीको नामः | परीक्षार्थीको रोल नं.ः |
| परीक्षा मितिः | परीक्षा स्थलः |

| क्र.सं. | प्रयोगात्मक परीक्षाको चरण | अङ्क घटाइने अवस्था | घटाइएको अङ्क | अनुत्तीर्ण घोषणा कारण (चिन्ह लगाउने) |
|---|---|---|---|---|
| | घुमाउरो आठ | एक पटक अंकित रेखा छोएमा (१०)।<br>एक पटक खुट्टा भुइँमा टेकेको (१०)। | | - एक पटक भन्दा बढी अंकित रेखा छोएको।<br>- सवारीको टायर अंकित रेखा भन्दा बाहिर गएको।<br>- एक पटक भन्दा बढी खुट्टाले भुइँ टेकेको।<br>- ठीक दिशावाट वा ठीक तरिकाबाट '8' आकार नबनाएको।<br>- सवारीको स्टार्ट बन्द भएको। |
| | साँघुरो फलेक (Narrow Plank) | | | - खुट्टाले भुइँमा टेकेको।<br>- फलेकको लम्बाई पार गर्न अगावै सवारी |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | | | | फलेकबाट बाहिर निस्केको। |
| | यू टर्न | टर्निङ्ग इन्डिकेटर लाइट नबालेको (१५)। | | - अङ्कित रेखा छोएको।<br>- टर्निङ लाईट उल्टो बालेको। |
| | ट्राफिक संकेत | | | - ट्राफिक संकेतको पालना नगरेको। |
| | बम्प्स (उबड खाबड) | एकपटक खुट्टाले भुँईमा टेकेको (५)।<br>एकपटक सवारीको स्टार्ट बन्द भएको (५)। | | - एक पटकभन्दा बढी खुट्टाले भुइँमा टेकेको।<br>- एक पटक भन्दा वढी सवारीको स्टार्ट बन्द भएको। |
| | र्‍याम्प (उकालो ओरालो) | | | - तोकिएको रेखा नाघी सवारी रोकेको वा सवारी नरोकी अगाडि बढेको।<br>- रोकिएको अवस्थाबाट सवारी अगाडि बढाउँदा सवारीको पछाडिको टायर ६ इन्च भन्दा बढी पछाडि सरेको।<br>- उकालो पार गरी ओरालोबाट झर्ने क्रममा तोकिएको रेखा नाघी सवारी रोकेको वा सवारी नरोकी अगाडि बढेको। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | | | | - एक पटकभन्दा बढी सवारीको स्टार्ट बन्द भएको। |
| | परीक्षार्थीको व्यवहारगत पक्षको समग्र मूल्याङ्कन | सवारी चलाउनु पूर्व सवारीको ब्रेक, टायर र ऐनाहरूको सामान्य निरीक्षण नगरेको (३)। | | |
| | | हेल्मेट लक नलगाई सवारी चलाएको (४)। | | |
| | | अस्वाभाविक गतिमा वा असंयमित रूपमा सवारी चलाएको (३)। | | |
| | | जम्मा घटाएको अङ्क | | |
| | | प्राप्ताङ्क | | |
| | | □ उत्तीर्ण<br>□ अनुत्तीर्ण | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-१२

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

**वर्ग ('B') कार/जिप/डेलिभरी भ्यानको प्रयोगात्मक परीक्षाको मूल्याङ्कन फाराम**

| परीक्षा सञ्चालन गर्ने कार्यालयको नाम ठेगानाः | |
|---|---|
| परीक्षार्थीको नामः | परीक्षार्थीको रोल नं.ः |
| परीक्षा मितिः | परीक्षा स्थलः |

| क्र.स. | प्रयोगात्मक परीक्षाको चरण | अङ्क घटाइने अवस्था | घटाइएको अङ्क | अनुत्तीर्ण घोषणा कारण (चिन्ह लगाउने) |
|---|---|---|---|---|
| | घुमाउरो आठ | पहिलो पटक अङ्कित रेखा छोएको (१०)। | | - दुई पटकभन्दा बढी अंकित रेखा छोएको।<br>- सवारीको टायर अंकित रेखाभन्दा बाहिर गएको।<br>- ठीक दिशाबाट वा ठीक तरिकाबाट '8' आकार नबनाएको।<br>- अगाडि बढ्ने क्रममा सवारी पछाडि तिर सारेको। |
| | | दोस्रो पटक अङ्कित रेखा छोएको (१०)। | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | उबड खाबड (स्पिड ब्रेकर) | एकपटक सवारीको स्टार्ट बन्द भएको (१०)। | | - एक पटक भन्दा बढी सवारीको स्टार्ट बन्द भएको। |
| | यू टर्न | टर्निङ्ग इन्डिकेटर लाइट नबालेको (१५)। | | - अङ्कित रेखा छोएको।<br>- टर्निङ लाईट उल्टो बालेको। |
| | ट्राफिक संकेत | | | - ट्राफिक संकेतको पालना नगरेको। |
| | र्‍याम्प (उकालो ओरालो) | एक पटक सवारीको स्टार्ट बन्द भएको (१०)। | | - तोकिएको रेखा नाघी सवारी रोकेको वा सवारी नरोकी अगाडि बढेको।<br>- रोकिएको अवस्थाबाट सवारी अगाडि बढाउँदा सवारीको पछाडिको टायर ६ इन्च भन्दा बढी पछाडि सरेको।<br>- उकालो पार गरी ओरालोबाट झर्ने क्रममा तोकिएको रेखा नाघी सवारी रोकेको वा सवारी |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | | | | नरोकी अगाडि बढेको।<br>- एक पटकभन्दा बढी सवारीको स्टार्ट बन्द भएको। |
| | ग्यारेज पार्किङ्ग | सवारीलाई पछाडि गुडाउने क्रममा एक पटक अघि सारेको (१०)। | | - सवारीलाई पछाडि गुडाउने क्रममा एक पटकभन्दा बढी अगाडि सारेको।<br>- अङ्कित रेखा छोएको। |
| | परीक्षार्थीको व्यवहारगत पक्षको समग्र मूल्याङ्कन | सवारी चलाउनु पूर्व सवारीको ब्रेक, टायर र ऐनाहरूको सामान्य निरीक्षण नगरेको (३)। | | |
| | | सिटवेल्ट नलगाई सवारी चलाएको (४)। | | |
| | | अस्वाभाविक गतिमा वा असंयमित रूपमा सवारी चलाएको (३)। | | |
| | | जम्मा घटाएको अङ्क | | |
| | | प्राप्ताङ्क | | |
| | | □ उत्तीर्ण<br>□ अनुत्तीर्ण | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## अनुसूची-१३

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

**वर्ग ('C') को प्रयोगात्मक परीक्षाको मूल्याङ्कन फाराम**

| परीक्षा सञ्चालन गर्ने कार्यालयको नाम ठेगानाः | |
|---|---|
| परीक्षार्थीको नामः | परीक्षार्थीको रोल नं.: |
| परीक्षा मितिः | परीक्षा स्थलः |

| क्र. स. | प्रयोगात्मक परीक्षाको चरण | अङ्क घटाइने अवस्था | घटाइएको अङ्क | अनुत्तीर्ण घोषणा कारण (चिन्ह लगाउने) |
|---|---|---|---|---|
| | घुमाउरो आठ | पहिलो पटक अङ्कित रेखा छोएको(१०)। | | - दुई पटकभन्दा बढी अंकित रेखा छोएको। - सवारीको टायर अंकित रेखा भन्दा बाहिर गएको। - ठीक दिशावाट वा ठीक तरिकाबाट '8' आकार नबनाएको। - अगाडि बढ्ने क्रममा सवारी पछाडि तिर सारेको। |
| | | दोस्रो पटक अङ्कित रेखा छोएको (१०)। | | |
| | उबड खाबड (स्पिड ब्रेकर) | एक पटक सवारीको स्टार्ट बन्द भएको (१०)। | | - एक पटकभन्दा बढी सवारीको स्टार्ट बन्द भएको। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | यू टर्न | टर्निङ्ग इन्डिकेटर लाइट नबालेको (१५)। | | - अङ्कित रेखा छोएको।<br>- टर्निङ लाईट उल्टो बालेको। |
| | ट्राफिक संकेत | | | - ट्राफिक संकेतको पालना नगरेको। |
| | र्‍याम्प (उकालो ओरालो) | एकपटक सवारीको स्टार्ट बन्द भएको (१०)। | | - तोकिएको रेखा नाघी सवारी रोकेको वा सवारी नरोकी अगाडि बढेको।<br>- रोकिएको अवस्थाबाट सवारी अगाडि बढाउँदा सवारीको पछाडिको टायर ६ इन्च भन्दा बढी पछाडि सरेको।<br>- उकालो पार गरी ओरालोबाट झर्ने क्रममा तोकिएको रेखा नाघी सवारी रोकेको वा सवारी नरोकी अगाडि बढेको<br>- एक पटकभन्दा बढी सवारीको स्टार्ट बन्द भएको। |
| | ग्यारेज पार्किङ्ग | सवारीलाई पछाडि गुडाउने क्रममा एक पटक अघि सारेको (१०)। | | - सवारीलाई पछाडि गुडाउने क्रममा एक पटक भन्दा बढी अगाडि सारेको।<br>- अङ्कित रेखा छोएको। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

| | | | | |
|---|---|---|---|---|
| | परीक्षार्थीको व्यवहारगत पक्षको समग्र मूल्याङ्कन | सवारी चलाउनु पूर्व सवारीको ब्रेक, टायर र ऐनाहरूको सामान्य निरीक्षण नगरेको (३)। | | |
| | | ढोका नलगाई सवारी चलाएको (४)। | | |
| | | अस्वाभाविक गतिमा वा असंयमित रूपमा सवारी चलाएको (३)। | | |
| | | जम्मा घटाएको अङ्क | | |
| | | प्राप्ताङ्क | | |
| | | ☐ उत्तीर्ण<br>☐ अनुत्तीर्ण | | |

स्वीकृत मितिः २०८२।०३।११

आज्ञाले,

...........................

राम प्रसाद आचार्य

प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

प्रदेश सरकार
# आन्तरिक मामिला तथा कानून मन्त्रालय
कोशी प्रदेश, बिराटनगर

प.सं. :- ०८१/८२
च.नं. :- २०३९

मिति :- वि.सं. २०८२/०३/३१
ने.स. :- ११४५ दिल्लागा, ५ मंगलवार

विषय: परिपत्र

श्री यातायात व्यवस्था सेवा कार्यालय, इलाम
श्री यातायात व्यवस्था कार्यालय, झापा
श्री यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमितपत्र, सुनसरी
श्री यातायात व्यवस्था सेवा कार्यालय, विराटनगर, मोरङ
श्री यातायात व्यवस्था सेवा कार्यालय, गाईघाट, उदयपुर
श्री यातायात व्यवस्था सेवा कार्यालय,, धनकुटा
श्री यातायात व्यवस्था कार्यालय,, रुम्जाटार, ओखलढुङ्गा

उपर्युक्त सम्बन्धमा कोशी प्रदेश सरकारद्वारा मिति २०८२ साल असार ११ गते राजपत्रमा सूचना प्रकाशन गरी जारी भएको सवारी चालक अनुमति-पत्र परीक्षा सञ्चालन निर्देशिका, २०८२ को अनुसूची-९ (दफा ८ को उपदफा (१) सँग सम्बन्धित) वर्ग "ख"('B')कार/जिप/डेलिभरी भ्यान र अनुसूची -१० (दफा ८ को उपदफा (३) सँग सम्बन्धित) वर्ग ('C')टेम्पो/अटोरिक्साको लागि लिइने प्रयोगात्मक परीक्षाको अङ्क विभाजन तथा मूल्याङ्कनको व्यवस्था भएकोमा ती अनुसूचीहरुको केही खण्डमा प्राविधिक त्रुटीवश अङ्क विभाजन फरक पर्न गएकोले सो अङ्क विभाजन तथा मूल्याङ्कनका आधारबाट प्रयोगात्मक परीक्षा लिन समस्या भएको भनी श्री यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमति-पत्र कोशी प्रदेश, इटहरी, सुनसरीको च.नं. २४६० मिति २०८२/०३/३० को पत्रबाट समेत लेखी आएको हुँदा सोही निर्देशिकाको दफा १९ को अधिकार प्रयोग गरी अनुसूची ९ र १० को तालिकामा रहेको अङ्क विभाजन महलको यू-टर्नको अङ्कभार १० र ट्राफिक सङ्केतको अङ्कभार १५ कायम गरी प्रयोगात्मक परीक्षा सञ्चालन गर्ने यस मन्त्रालयको मिति २०८२/०३/३१ (मा. मन्त्रिस्तर) गतेको निर्णयानुसार आवश्यक व्यवस्था मिलाउनु हुन अनुरोध छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Narayan Bhandari
nrnfgbg@gmail.com

(नारायण भण्डारी)
शाखा अधिकृत